Sub.Code : 2041

**NEB - GRADE XII**

**2083 (2026)**

## Education and Development

(रजिस्ट्रेसन नम्बरका सुरुका दुई अङ्क ७९, ८०, ८१ र ८२ भएका नियमित तथा आंशिक परीक्षार्थीहरूका लागि)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Time: 3 hrs.** **Full Marks: 75**

**सबै प्रश्नको उत्तर दिनुहोस् (Attempt all question)**

### समूह 'क' (Group 'A')

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Very short answer questions) [११×१=११]**

१. आर्थिक विकासका आयाम र शिक्षाबिच कुनै दुई अन्तर सम्बन्ध उल्लेख गर्नुहोस् ।
State any two interrelationship between dimension of economic development and education.

२. दिगो विकासका लागि वातावरणीय पक्षको कुनै दुई महत्त्व उल्लेख गर्नुहोस् ।
State any two importances of environmental factor for sustainable development.

३. तपाईंले कक्षा १ देखि कक्षा ११ सम्म अध्ययन गर्दा सिकेका कुनै दुई व्यवहार बताउनुहोस् ।
State any two behaviour you learned while you studying in grade one to grade eleven.

४. प्रारम्भिक समाजका कुनै दुई विशेषताको सूची बनाउनुहोस् ।
List any two characteristics of primitive society.

५. भौतिक मूल्य र आत्मिक मुल्यबिच दुई बुँदामा फरक छुट्याउनुहोस् ।
Differenciate between material value and spiritual value within two points.

६. समानता भनेको के हो ? (What is equality ?)

७. विद्यालयको विकासका लागि निजी स्रोतका लगानीको दुईवटा महत्त्व उल्लेख गर्नुहोस् ।
State two importance of private source of investment for school development.

८. शैक्षिक योजना निर्माणका कुनै दुई उपागमको सूची बनाउनुहोस् ।
List any two approaches of educational planning.

९. नेपालको बौद्ध शिक्षाको बारेमा एक वाक्यमा परिचय दिनुहोस् ।
Introduce Bouddha education of Nepal in one sentence.

क्रमशः(Contd...)



१०. विद्यालय शान्ति क्षेत्र भन्नाले के बुझ्नुहुन्छ ?
What do you mean by school as peace zone ?

११. सहभागितामूलक शैक्षिक योजना निर्माण गर्नुपर्दा तपाईंले निर्वाह गर्न सक्ने प्रमुख दुईवटा भूमिका उल्लेख गर्नुहोस् ।
State any two major roles you play for making participatory education plan in Nepal.

### समूह 'ख' (Group 'B')

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Short answer questions) [८×५=४०]**

१२. दिगो विकासका लक्ष्य हासिल गर्न शिक्षाले खेल्ने कुनै पाँचवटा महत्त्वपूर्ण भूमिका पहिचान गर्नुहोस् ।
Identify any five major roles of education for achieving the sustainable development goals.

अथवा (Or)

दिगो विकासलाई परिभाषित गर्नुहोस् । समान शिक्षा कायम राख्न दिगो विकासका लक्ष्य अन्तर्गत गर्न सकिने चारवटा क्रियाकलाप प्रस्ट्याउनुहोस् । [१+४]
Define sustainable development. Clarify four activities which can maintain equal education for sustainable development goals.

१३. नेपालको सन्दर्भमा दिगो विकासका पक्षहरूको सान्दर्भिकता पाँच बुँदामा उल्लेख गर्नुहोस् ।
State in five points about the relevancy of aspects of sustainable development in the context of Nepal.

१४. मौलिक हकको परिचय र महत्त्व प्रस्ट्याउनुहोस् । [२.५+२.५]
Introduce fundamental rights and its importance.

१५. समावेशी शिक्षा भनेको के हो ? तपाईं कुन समावेशी तरिकालाई बढी जोड दिनुहुन्छ ? कारण दिनुहोस् । [२+३]
What is inclusive education ? Which types of inclusive education do you prefer ? Give reasons.

१६. विद्यालयमा लामो द्वन्द्वको अवधिपछि शान्ति कायम गर्न तपाईं प्रधानाध्यापकको जिम्मेवारी लिदैं हुनुहुन्छ । मेलमिलाप र दीर्घकालीन विद्यालय शान्ति प्रवर्धन गर्न के कस्तो कदम चाल्नुहुन्छ ? पाँच बुँदामा उल्लेख गर्नुहोस् ।
If you were facing responsibility as a head teacher to maintain in your school after a long period of conflict, what steps would you take to promote reconciliation and long term peace in school ? State in five points.

क्रमशः(Contd...)

१७. सामुदायिक विद्यालयको विकासका लागि तपाईंको समुदायमा स्रोत परिचालनका कुनै पाँच तरिका सुझाउनुहोस्।

Suggest any five ways of resource mobilization modality for community school development in your community.

अथवा (Or)

शैक्षिक योजना निर्माणका उपागमहरूको प्रयोग विद्यालयको सुधारको लागि के कसरी गर्न सकिएला ? उदाहरणसहित पाँच बुँदामा प्रस्ट्याउनुहोस्।

How approaches to educational planning can be utilized for school improvement ? Clarify in five points with examples.

१८. नेपालको सन्दर्भमा शैक्षिक योजनाको महत्त्व पाँच बुँदामा उदाहरणसहित प्रस्तुत गर्नुहोस्।

Explain importance of education planning with examples in the context of Nepal in five points.

१९. शिक्षकको तयारी, वृत्ति विकास तथा प्रोत्साहनका लागि सामुदायिक विद्यालयले खेल्न सक्ने भूमिकाबारे वर्णन गर्नुहोस्। [१.५+१.५+२]

Explain the role of community school for teacher preparation, career development and incentives.

## समूह 'ग' (Group 'C')

**(विस्तृत उत्तरात्मक प्रश्नहरू/ Long answer questions)** [३×८=२४]

२०. नेपालमा वेरोजगारी र विदेश पलायनको समस्या आउनुको कारण र समाधानको उपाय सामाजिक, आर्थिक र मानव स्रोत विकासका आयामहरूका आधारमा उल्लेख गर्नुहोस्। [४+४]

Explain causes of unemployment and foreign migration based on reference to the social, economic and human resources and its mitigation way in Nepal.

२१. नागरिक शिक्षाको अर्थ स्पष्ट पार्नुहोस्। सार्वजनिक सरोकारका विषयमा जनचेतना जगाउनका लागि अपनाउन सकिने रणनीतिहरू सुझाउनुहोस्। [२+६]

Clarify the meaning of civic education. Suggest strategies for creating awareness toward public issues.

अथवा (Or)

शैक्षिक योजनाको निर्माण प्रक्रिया र चरण स्पष्ट पार्नुहोस्। [४+४]

Clarify process and steps of educational planning.

२२. विभिन्न कालखण्डको आधारमा नेपालको शिक्षा विकासको ऐतिहासिक विकासक्रमबारे छोटकरीमा वर्णन गर्नुहोस्।

Describe in brief about the historical development of education based on different time frame in Nepal.